

## माफ गर प्रिय

- भगवती बस्नेत, इजरायल

सागरलाई भेट्न उत्कट चाहानामा बग्ने
नदी जस्तो
मोति खोज्न सागरको गहिराईमा गोता लगाउने
गोताखोर जस्तो
मभित्र तिमी खोजी रहेछु
तिमीभित्र म खोजी रहेछु

मभित्र तिमी, तिमीभित्र म
विम्व-प्रतिविम्ब खोज्दाखोज्दै पनि
रोमियो-जुलियट
लैला-मजनूं
हिर-राँझहरु
हुनसक्दैनौ रहेछौं
किनकी
छातीभित्र राष्ट्र दुख्छ
मुटुभित्र देश दुख्छ

नाईल नदीबाट आउने चिसो सिरेटोले
मेरो देश सम्झाउछ
झिसमिसेमै नाम्लोले निधार डामेकी सानी
मेरोसामु ओभिलो मुस्कान छर्छे
ढिडो र गुन्द्रुक मस्काएर
फाँटेको मजेत्रो आढेकी यौवना
सगरमाथा बोकेर खिलखिलाउछे
नागबेली बाटाहरु, भञ्ज्याँग, चौतारीहरु
लाग्छ मलाई पर्खिरहेछन्
भूगोलको जुनकुनामा पुगेपनि
तराइ, पहाड, हिमाल खोज्छ
मनमा सप्तकोशी उर्लन्छ
टिष्टा, सतजलहरुमा खुकुरी बोकेर

परेड खेल्न जाउँभैँ हुन्छ
सीमासीमामा नेपालको गीत घन्काउँभैँ लाग्छ

मरुभूमिमा मैले पसिना पोखे
उमेर, वैंस रित्ताएर आफैँ मरुभूमि हुँदैछु
यसबेला तिम्रो माया मेरालागि मरुदान हो

नाईलका किनारमा उभिएका सभ्रान्त सभ्यताहरुले
मलाई पटक्कै भुलाउन सक्दैनन्
प्रिय लञ्च र डिनरमा हराउन सकिन
माफ गर हिर र राँझ बन्न सकिन

उभिएर नाईलका छालहरु गनिरहेछु
हरेक ज्वारहरुले  सगरमाथा सम्झाउछ
प्यालिष्टाईनीहरुको मिलिट्यान्ट संघर्ष
बुद्धि, सहासको अतुलनीय ईजरायलले
मेरो पुर्खाको स्मरणः गराउछ
बालुवामा पौठेजोरी खेलेपनि
मेरो रगतको थोपाथोपामा मेरो देश छ
विश्वास लाग्दैनभने छाति चिरेर हेर
मुटुभित्र मेरोदेश धड्की रहेछ
हरेक ढुकढुकीले नेपाल बोली रहेछ
माफ गर प्रिय लैला-मजँनू  बन्न सकिन
माफ गर प्रिय रोमियो-जुलियट हुन सकिन ।

बल्खु, काठमाण्डौ
हाल इजरायल
मिति २५ नोभेम्बर २०१४